*"आर्थिक, सामाजिक, साँस्कृतिक रुपान्तरण विकासको आधार ।*
*स्वास्थ्य,शिक्षा, कृषि र सडकको सम्बृद्धि भजनीको पूर्वाधार" ॥*

**भजनी नगरपालिकाको**
**नवौं नगरसभा**

# नगर उप-प्रमुख छाया देवकोटाले प्रस्तुत गर्नुभएको

## आ.व. २०७८/०७९को नीति तथाकार्यक्रम

भजनी नगरपालिकाका
सुदुरपश्चिम प्रदेश, नेपाल
भजनी, कैलाली ।

२०७८ असार ०९ गते

आदरणीय नगरसभा अधिवेशनका अध्यक्षज्यू, प्रमूख प्रशासकीय अधिकृतज्यू, नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु, उपस्थित सम्पूर्ण राष्ट्रसेवक कर्मचारी, संचारकर्मी ज्यूहरु ,

- विश्व मानब समुदाय नोबेल कोरोना भाइरस (कोभिड-१९) को महामारीबाट आक्रान्त भइरहेको वर्तमान अवस्थामा भजनी नगरपालिकाको नवौं नगरसभाको गरिमामय अधिबेशनमा आर्थिक बर्ष २०७८/७९ को वार्षिक नीतितथा कार्यक्रम प्रस्तुत गर्दै छु ।
- मुलुकमा भएको ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष लगायतका राजनीतिक आन्दोलनमा संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका खातिर आफ्नो अमुल्य जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति उच्च सम्मान सहित हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । साथै, राजनीतिक आन्दोलनका क्रममा हालसम्म बेपत्ता, घाइते र अपाङ्ग योद्धाहरु प्रति उच्च सम्मान र सहानुभूति प्रकट गर्दछु ।
- विभिन्न विपद तथा कोभिड-१९ महामारीबाट जीवन गुमाउनु हुने सम्पुर्ण नागरिकहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकुल परिवारजन प्रति गहिरो समबेदना व्यक्त गर्दछु, कोभिड-१९को उपचारत सम्पूर्ण संक्रमित व्यक्तिहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । साथै, उक्त महामारीको संक्रमण, नियन्त्रण तथा न्यूनीकरणका लागि दिनरात खटिनुभएका निर्बाचित जनप्रतिनिधीहरु,सम्पूर्ण स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, कर्मचारीहरु, कोभिड-१९ विरुद्धको हाम्रो अभियानमा सहकार्य र सहयोग गर्नुहुने सम्पूर्ण, निजि क्षेत्र, संघ संस्था, संचार जगत लगायत ब्यापारी, बुद्धिजीवी, तथा नगरबासी आम जनसमुदायहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु ।
- नेपालको संबिधानले निर्दिष्ट गरेबमोजिम संघीयसरकार र प्रदेश सरकारसँगको समन्वय, सहअस्थित्वको र सहकार्यको सिद्धान्त बमोजिम कार्य गर्दै यस नगरपालिकालाई सक्षम, सबल र आत्मनिर्भर बनाउने, कृषी पर्यटन र लघु उद्योग लगायत समस्त क्षेत्रको विकास मार्फत आर्थिक, सामाजिक विकास गर्दै समतामुलक समाजको निर्माणमा दृढ संकल्पित छौ ।

**आदरणीय नगरसभाका सदस्यज्यूहरु**

आगामी आ.व. २०७८।०७९ को नीति तथाकार्यक्रमतर्जुमाको आधारको रुपमा हामीले विगतका वर्षहरुमा सम्पन्न कार्यहरुलाई लिईएको छ । त्यसैले म अब विगत तर्फ फर्केर यस न.पा.ले चालु आ.व.को हालसम्मको अवधिसम्ममा सम्पादित कार्यहरुको छोटो समिक्षा गर्दै प्रगतिलाई यस सभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

## आ.व. २०७७।०७८ को प्रगति तथा समिक्षा

१.भजनी प्राथमिक स्वास्थ्य केन्द्र परिसरमा ५ शैया र महुन्याल बहुमुखी क्याम्पसम १५ शैया गरि जम्मा २० शैयाको अस्थाई कोभिड-१९ अस्पतालको निर्माण गरि ५२ थान अक्सिजन सिलिन्डर, ८ थान अक्सिजन कन्सन्ट्रेटर, १२१९ वटा कोभिड हाईजेन किटको व्यवस्था गर्दै बिरामीको उपचार गर्ने व्यवस्था मिलाई माहामारीको रोकथामको लागि प्रयास गरिएको छ ।हालसम्म यस नगरपालिकामाक्षेत्रका ५५२जना नागरिकहरुमा पि.सि.आर. तथा एन्टिजिन परिक्षेण गरिएकोमा १५५जनामा कोरोना पोजेटीभ देखिएको जस मध्ये ४० जनालाई कोरोना अस्पतालमा भर्ना गरि उपचार गर्दा २८ जना कोरोनामुक्त भई घर फर्काउन सफल भइएको थियो ।

२.नगरबासीलाई सुलभ स्वास्थ्य सेवा प्रवाह गर्न ग्रामिण अल्ट्रसाउन्ड कार्यक्रम अर्न्तगत ६८४ जना गर्भवती महिलाको अल्ट्रसाउड परिक्षण गरिएको, पोषण कार्यक्रम अर्न्तगत ४,०७३ जना बालबालिकाहरुले भिटामिन ए र अल्वण्डाजोल प्राप्त गरेका छन, त्यस्तै गरि ४४,६०० जना नागरिकहरुले हात्तिपाईले विरुधको औषधी, ५८९२ जना किसोरीहरुले आईरन चक्की सेवन गरेका छन । ५३१ जना सुत्केरी महिलालाई पोषण खर्च उपलब्ध गरिएकोछ ।

३. सार्वजनिक सेवा प्रवाहलाई एकै स्थानबाट सेवा प्रवाह गर्न नगरपालिकाको आफ्नै प्रशासनिक भवन निर्माण गरि सेवा सुचारु भएको छ साथै सबै वडामा आफ्नै प्रशासनिक भवन निर्माण गर्ने कार्यलाई तिव्रता दिईएको छ ।

४. भौतिक पुर्वाधारमा यस आ.व.मा ३१ वटा भवन, ९ वटा मन्दिर, ९ वटा सौचालय निर्माण गरिनुका साथै २१५ मिटर पर्खाल निर्माण कार्य सम्पन्न भएको छ, २४५०३ मिटर ग्राभेल, २९६६ मिटर कालोपत्रे, ८०० मिटर नयाँ सडक निर्माण गरिएको छन । ५७०१ मिटर चेकड्याम र १५७ मिटर तटबन्धनको निर्माण गरिएको छ, २५००५ मिटर झरन सरसफाई, ८०० मिटर खानेपानी लाईन विस्तार गरिएको छ । साथै ६ वटा कल्भर्ट निर्माण, ४ वटा गौशाला निर्माण कार्य सम्पन्न भएका छन ।यसै गरि यस आ.व.मा ७ वटा नयाँ घरनक्सा पासको लागि दर्ता, १३ वटा अभिलेखिकरण, २ वटा घरनक्सा प्रतिलिपी तथा नामसारी गरिएको छ ।

५. प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत यस नगरपालिका क्षेत्रमा रहेका २६७ जना श्रमिकहरुलाई न्युनतम १०० दिन बराबरको रोजगारीको अवसर प्रदान गर्दै सो कार्यक्रम अन्तर्गत यस नगरपालिकामा ६,९९२ मिटर चेकड्याम मर्मत तथा निर्माण, १७,६०० मिटर कृषि कुलो झरन मर्मत तथा निर्माण र ११,४६६ मिटर सडक मर्मत तथा निर्माण कार्य सम्पन्न भएको छ । त्यसै गरि स्वरोजगार मुलक कार्यक्रम अन्तर्गत २० जनालाई च्याउ/बगर खेती र २० जनालाई मन्टेश्वरी तालिम प्रदान गरिएको छ ।

६. सामाजिक समावेशीकरण तथा सशक्तिकरणको लागि यस नगरमा रहेका विभिन्न वर्गका समुदायका ९५५ जनालाई शिप तथा क्षमता अभिवृद्धि, उद्यमशीलता, अन्तरक्रियात्मक कार्यक्रम मार्फत क्षमता अभिवृद्धि गर्ने काम सम्पन्न गरिएको छ  साथै उद्यम विकास तालिम अर्न्तगत १५ जना उद्यमीलाई आय आर्जनका लागि सामांग्री वितरण गरिएको छ ।

७. यस आ.व.मा १३ वटा कानुनहरु राजपत्रमा प्रकाशन भएसँगै जम्मा ३९ वटा कानुन राजपत्रमा प्रकाशन भई कार्यान्वयनमा आएका छन भने सार्वजनिक खरिद नियमावली, व्यवसाय कर सम्बन्धी कार्यविधि, वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको मस्यौदा माथि विधायन समितिमा अध्ययन तथा छलफलको प्रक्रियामा रहेका छन ।

८. स्थानीय अदालतबाट हुने न्याय निरुपणलाई व्यवस्थित, सरल र सहज बनाउन व्यवस्थितइजलासको व्यवस्था गरिनुका साथैमेलमिलाप सम्बन्धी ४८ घण्टे आधारभुत तालिम संचालन गरि नगरपालिकामा ३० जना मेलमिलापकर्ता सुचिकृत गरिएका छन साथै नगरस्तरिय तथा वडा स्तरिय मेलमिलाप केन्द्रको गठन गर्ने काम सम्पन्न भएको छ । महिला स्वयमसेवीहरु मार्फत न्यायमा पहुँच अभिवृद्धि गर्न नगर क्षेत्र भित्रका ९८ जना स्वयम सेवीकाहरुसँग न्याय कानुन सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

९. यस नगरपालिकामा न्यायिक समितिमा यस बर्षमा हालसम्म ४८ वटा मुद्धा दर्ता भएकोमा ३४ वटा मुद्धाहरु निरुपण भएको र बाँकी छलफल तथा न्यायिक निरुपणको प्रक्रियामा रहेका छन ।

१०. सबै प्रकारका हिंसा तथा विपदमा परेका महिला, बालबालिकाको आय आर्जन, औषधोपचार, कानुनी सहायता तथा मनोसामाजिक परामर्श सेवाको लागि लैङ्गिक हिंसा निवारण कोष, वाल उद्धार कोष, उपमेयर महिला सुरक्षा कोषको स्थापना गरि सुचारु गरिएको छ, साथै नगरक्षेत्रका हिंसा तथा विपद प्रभावित महिलाहरुको लागि सुरक्षित महिला आवासगृह (सेभ हाउस) को भवन निर्माण कार्य सम्पन्न भई संचालनमा ल्याईएको छ ।

११. नगरपालिकामा भएका ६७० जना अपाङ्गता भएका व्यक्तिको अपाङ्ग परिचयपत्र वितरण कार्य सम्पन्न भएको छ । जेष्ठ नागरिक दिवसको अवसरमा ६० जना जेष्ठ नागरिकहरुलाई सम्मानका साथै १०१ जना टुहुरा, अनाथ, सहाराविहिन बालबालिकाहरुलाई पोषाक तथा झोला वितरण गरिएको छ । त्यसै गरि विभिन्न क्षेत्रमा क्षमता

अभिवृद्धि, अन्तरक्रियात्मक कार्यक्रम, सीप विकास, लघु उद्यम जस्ता कार्यक्रम मार्फत जम्मा ९५५ जना नागरिकको क्षमता अभिवृद्धि गर्ने कार्य सम्पन्न भएको छ ।

१२. कृषिमा आधुनिकीरण ल्याउन, कृषिमा कृषकको लागत घटाउन र कार्यबोझ घटाई उत्पादकत्व बृद्धि गर्ने उद्देश्यले११३थानपम्पसेट, १५९ थान पावर टिलर,१३७ थान मोटर, १०९ थान स्प्रेय ट्याङ्की, ५३ थान सिचाई बोर, २० थान रिपर, १ थान सोनालिका टेक्टर, २६ थान रोटारबेटर, २ थान मेट बनाउने मेसिन, २ थान धान छर्ने मेसिन, १ थान धान रोप्ने मेसिन, ३ थान सिड्रिल मेसिन, १ थान लेबलर, १ थान कल्टिभेटर, ६ थान हाईरो, ४ थान थ्रेसर, १ थान ग्रेडिङ्ग मेसिन, २५ थान क्रेट वितरण गरि जम्मा ६६४ जनालाई कृषि औजारहरु वितरण गरिएको छ ।त्यसै गरि ५,१६९ कृषकलाई लाभान्वित हुने गरि १३४ हेक्टर जग्गाको लागि विउ विजन वितरण गरिएकोछ ।

१३. पशु सेवा शाखाबाट नियमति रुपमा पशु उपचार सेवा, पशु खोप, कृत्रिम गर्भाधान, भाले पशु बन्ध्याकरणसेवा प्रदान गरिदै आएको छ साथै ३९६ जनालाई वर्षे घाँसको विउ र २५२ जनालाइ हिँउदे घास वितरण गरिएको छ ।साथै २५,६०१ पशुपक्षींहरुलाई स्वास्थ्य परिक्षण, खोप तथा कृत्रिम गर्भाधान जस्ता पशु स्वास्थ्य सेवा प्रदान गरिएकोछ ।

१४. यस क्षेत्रका खेलाडीहरुको सर्वाङ्गिण विकासका लागि रंगशाला निर्माण कार्य निरन्तर अगाडि बढाइएको छ ।

१५.कोभिड-१९ को विषम परिस्थितिमा बिद्यार्थीहरुको सिकाईलाई सहजिकरण गर्न तीन महिनासम्म रेडियो पाठप्रसारण रटोल शिक्षण कार्यक्रम संचालन गरिएको यसै गरि नगरपालिकाको शिक्षा क्षेत्रलाई व्यवस्थापन गर्न विद्यालयको नक्साङ्कन कार्य सम्पन्न भएको छ, साथै १० वर्षे नगर शिक्षा योजना निर्माण कार्य,विद्यायलमा गुणस्तरियता कायम गर्न ४८ वटा बालविकास केन्द्र लगायत अन्य विद्यालयको अनुगमन निरिक्षण गरि सुधार कार्यलाई अगाडि बढाईएको छ ।यसै गरि राष्ट्रिय मा.वि. भजनी ४ खैलाडमा विज्ञान प्रयोगशाला, कर्मेश्वर मा.वि. भजनी ५ कुटीमा पुस्तकालय, राष्ट्रिय मा.वि. भजनी ३ धुसीमा आई. सि. टि. को व्यवस्थापन गरिएको छ ।

१६. बालबालिकालाई विद्यालयमा नियमित उपस्थित तथा आकर्षित गर्न ४३ वटा विद्यालय तथा बालविकास केन्द्रमा अध्ययनरत ५,२४६ जना बालबालिकाको लागि दिवा खाजको व्यवस्था गरिएको छ, सामुदायिक विद्यालयका कक्षा ६ देखि १२ कक्षासम्म अध्ययनरत छात्राहरुको लागि निःशुल्क सेनिटरी प्याडको व्यवस्था गरिएको छ । त्यसै गरि लक्षित वर्गका ४,४०० जना विद्यार्थीहरुलाई आवासीय तथा गैह्रआवासीय छात्रवृत्ति वितरण गरिएको छ ।

१७.यस नगरपालिकामा हुने गरेका गतिविधीहरुलाई पारदर्शी, जवाफदेही, बनाउन वेवसाइट मार्फत सुचनाहरु सार्वजनिक गर्ने गरेको, सामाजिक सुरक्षा भत्ता वितरण कार्य बैकिंग प्रणालीबाट भईरहेको जसमा ५५९२ सामाजिक सुरक्षा लाभग्राही रहेका मध्ये ५०९८ जना प्रथम चौमासिकमा लाभान्वित भएका र बाँकी चौमासिक भत्ता वितरण कार्य भई रहेको छ । यस नगरका सम्पुर्ण वडाहरुमा पञ्जिकरणलाई पुर्ण रुपमा अनलाईन दर्ता गर्ने गरिएकोमा २०७७ सालमा ३,८४४ वटा घटना दर्ता भएका छन ।यसै गरि ३५,५४४ वटा पुराना हस्तलिखित अभिलेखलाई डिजिटाईजेशन गर्ने कार्य सम्पन्न भएको छ । २०७८ साल बैसाख १ देखि १६ गतेसम्म व्यक्तिगत घटना दर्ता अभियान संचालन गरि १०५ जना सेवाग्राहीले सेवा प्राप्त गरेका छन । स्थानीय पञ्जिकाधिकारीहरुलाई तिन दिने अनलाईन व्यक्तिगत घटनादर्ता सम्बन्धी तालिम संचालन कार्य सम्पन्न भएको छ ।

१८. यस आ.व.को हालसम्ममा चालु तर्फ विनियोजन भएको ३६,८१,७९,७६०।- (छत्तिस करोड एकासि लाख उनासी हजार सात सय साठी) बजेट मध्ये ६८.२५% खर्च भएको छ त्यसै गरि पुँजीगत तर्फ विनियोजन भएको २५,५८,७१,२७०।- (पच्चिस करोड अन्ठाउन्न लाख, एकहत्तर हजार दुई सय सत्तरी) बजेट मध्ये ४०.११% खर्च भएको छ भने कुल विनियोजित बजेटको ५६.७१% हालसम्म खर्च भएको छ ।

१९. यस आ.व.मा आन्तरिक आयको अनुमान२,४७,२५,०००।- (दुई करोड सत्तचालिस लाख पच्चिस हजार) गरिएकोमा हालसम्म २,२६,०६,६५३।- (दुई करोड छब्बिस लाख छ हजार छ सय त्रिपन्न मात्र)अर्थात ९१.४३% राजश्व संकलन भएको छ ।

**नगरसभा सदस्यज्यूहरु,**

अब म भजनी नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय नगर सभा अधिवेशनमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## आ.व. २०७८/७९को नीति तथा कार्यक्रम

१. भजनी नगरबासीहरुले स्वास्थ्य उपचारको लागि छिमेकी नगर तथा जिल्लामा धाउनुपर्ने विसम परिस्थितीलाई मध्यनजर गर्दै भजनी प्राथमिक स्वास्थ्य केन्द्रमाविषेशज्ञता (विषेशज्ञ डाँक्टर) सहितको स्वास्थ्य सेवा प्रदान गरिनुका साथै प्रयोगशालाको समेतव्यवस्था गरिनेछ । कोभिड-१९ को रोकथाम र उपचारका लागि भजनी प्राथमिक स्वास्थ्य केन्द्रमा ५० शैयाको कोभिड आईसोलेसन वार्डको स्थापना गरि सोको २० प्रतिशत शैया बालबालिकाहरुको लागि व्यवस्थापन गरिनेछ । साथै संघीयसरकार, प्रदेश सरकार र छिमेकी स्थानीय तहसँग समन्वय र सहकार्य गर्दै भजनी प्राथमिक स्वास्थ्यकेन्द्रलाई नगर अस्पतालको रुपमा विकास गर्दै लगिने छ ।

२. **एक वडा एक स्वास्थ्य संस्था**को अवधारणालाई कार्यान्वयन गर्दै नगरबासीलाई घर दैलोमा सर्वसुलभ स्वाथ्य सेवा प्रवाह गर्नलालबोझि स्वास्थ्य चौकीलाई थप व्यवस्थित गरि एम्बुलेन्स सेवा संचालन गरिने छ । जटिल समस्या रहेका गर्भवती तथा सुत्केरी महिलाहरुलाई नगर क्षेत्रका स्वास्थ्य संस्थासम्म ल्याउनका लागि **निःशुल्क एम्बुलेन्स** सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

३. उच्च मातृ तथा शिशु मृत्युदर, विभिन्न रोगहरुको रोकथाम र उपचार गर्न सेवा विस्तार गर्ने नीति अवलम्बन गरिनेछ । साथै गम्भिर प्रकृतिका रोग भएका विरामीहरुको उपचारका लागि आवश्यक सहयोग गर्ने कार्यलाई निरन्तरता दिईने छ । स्वयम सेवीकाहरुले विगत लामो समय देखि स्वास्थ्य क्षेत्रमा गरेको योगदानको कदर गर्दै निजहरुको क्षमता अभिवृद्धि गरि परिचालनमा प्रभावकारिताल्याईने छ ।

४.भजनी प्राथमिक स्वास्थ्य केन्द्रलाई यथासिघ्र १५ सैयाको अस्पतालको रुपमा स्थापना गर्न संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरिने छ साथैजेष्ठ नागरिक, गरिब असाहय, गर्भवति, सुत्केरी महिलाहरुलाई **सर्वसुलभ निःशुल्क स्वास्थ्य नगरपालिकाको प्रतिवद्धता**लाई निरन्तरता दिईनेछ ।

५. भजनी नगरपालिकालाई पोषणयुक्त बनाउन **म स्वस्थ मेरो नगरपालिका स्वस्थ**भन्ने अवधारणालाई आत्मसाथगर्दै पोषण कार्यक्रम सञ्चालनमाप्रभावकारिता अभिवृद्धि गरिनेछ साथै विभिन्न रोगको निदान एवम् उपचारको कार्यलाई थप व्यवस्थित गर्दै **निःशुल्क घुम्ती शिविर** संचालन कार्यलाई निरन्तरता दिईने छ ।

६.लालवोझी आयुर्वेद औषधालय लालवोझीलाई थप व्यवस्थित गर्दै एलोप्याथिक, होमोप्याथीक, अक्युपञ्चर प्राकृतिक चिकित्सा तथा बैकल्पिक चिकित्सा प्रणालीहरूको संरक्षण, सम्बर्दन र विकास गरिनेछ ।**"योग गरौं स्वास्थ्य रहौं"**भन्ने नाराका साथ योग शिविर संचालन गर्ने कार्यलाई प्रोत्साहन गरिने छ ।

७. विभिन्न प्रकारका हिंसा तथा प्राकृतिक विपदमा परेकामहिला बालबालिकाहरुमादेखिने मनोसामाजिक तथा मानसिक स्वास्थ्यलाई उचित सम्बोधन गरि उपचारको व्यवस्था मिलाउनुका साथै मनोसामाजिक परामर्श सेवा प्रदान गरिने छ ।

८.रक्तदान कार्यलाई प्रोत्साहन गर्दै यस नगर क्षेत्रमा बसोवास गर्ने विशेष अवस्थाका नागरिकतथा सेवारत कर्मचारीहरुलाई आवश्यक पर्ने ब्लड निःशुल्क रुपमा उपलब्ध गराउन विशेष पहल गरिने छ।

९. अति विपन्न एकल महिला, मुक्त कमैया, दलित, कमलरी, अल्पसंख्यक, यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुको लागि स्वास्थ्य बीमा कार्यक्रम संचालन गरिनेछ।

१०. संघीय सरकार तथा प्रदेश सरकारको समन्वय र सहकार्यमा चिकित्सा शास्त्र (MBBS) अध्ययनको लागि गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था मिलाईनेछ।

११."**गुणस्तरिय शिक्षा भजनीको सदिक्षा"** भन्ने नाराका साथ **१० वर्षे शैक्षिक योजना** आगामी आ.व. देखि कार्यान्वयनमा ल्याईने छ।

१२. विद्यालय नक्साङ्कनको आधारमा शिक्षक दरवन्दी मिलान,कक्षा संचालन, स्थान परिवर्तन, विद्यालय गाभ्ने, तह मिलान लगायत समायोजन तथा एकिकरण नीति अवलम्बन गरिने छ। विद्यालय उमेर समुहका सबै बालबालिकालाई विद्यालय पहुँचको सुनिश्चिताको साथै **पुर्ण साक्षर नगर घोषणा** गर्नका लागि विशेष कार्यक्रम संचालन गरिनेछ।

१३. सामुदायिक विद्यालयमा विद्यार्थी आकर्षित गर्न प्रत्येक वडामा कम्तिमा एक सामुदायिक विद्यालयमा नेपाली र अंग्रेजी दुवै माध्यमबाट कक्षा संचालन गरिनेछ, साथै नगरपालिकाका जनप्रतिनिधी, शिक्षक, कर्मचारीका छोराछोरीलाई सामुदायिक विद्यालयमा अध्ययन गराउनु पर्ने नीति लिईने छ।

१४. उच्च शिक्षामा अध्ययनरत मुक्त कमैयाका बालबालिका, कमलरी,आर्थिक रुपले विपन्न, पिछडिएका आदिवासी, लोपोन्नमुख, सिमान्तकृत, जनजाती, दलित, सहिद तथा द्धन्द पिडित परिवारका बालबालिका,वेपत्ता पारिएका परिवारका बालबालिका, अपाङ्गता भएका बालबालिकाहरुलाई छात्रवृत्तिको व्यवस्था गरिनेछ।

१५.नगर क्षेत्रमा रहेको महुन्याल बहुमुखी क्याम्पसको दिगो व्यवस्थापनका लागि पहल गरिनेछ, साथै कर्मेश्वर मा.वि. र महुन्याल मा. वि. मा रहेको प्राविधिक शिक्षाको अध्यापनलाई थप व्यवस्थितगर्दै अन्य विद्यालयमा समेत प्राविधिक तथा व्यवसायिक शिक्षा संचालनकालागि आवश्यक पहल गरिने छ।

१६. यस नगरपालिकामारहेको जनता सामुदायिक पुस्तकालयलाई सुदृढीकरण र व्यवस्थापनको लागि आवश्यक सहयोग गरिनेछ।

१७.सामुदायिक विद्यालयबाट गुणस्तरिय शिक्षा प्रदान गर्न **लिडर फिडर एजुकेशन पोलिसी**लाई आत्मसाथ गर्दै **शिक्षक डायरी**लाई अनिवार्य रुपमा अवलम्बन गर्ने नीति लिईने छ।

१८.नगर क्षेत्र भित्रका उत्कृष्ट विद्यालय, शिक्षक कर्मचारी तथा विद्यार्थीहरुलाई थप प्रोत्साहित गर्नप्रोत्साहन तथा पुरष्कारको व्यवस्था गरिनेछ।

१९. वडा नं १ मा निर्माणधिन अवस्थामा रहेको खुल्ला मञ्च तथा कवर्डहल निर्माण कार्यलाई निरन्तरता दिईनेछ। साथै खेलकुदको माध्यमबाट खेलाडीहरुलाई हौसला तथा प्रोत्साहित गर्न **मेयरकपर उपमेयरकप खेलकुद** कार्यक्रम संचालन गरिने छ।

२०. नगर खेलकुद विकास समिति गठन गरी नगर क्षेत्रभित्र हुने खेलकुदलाई व्यवस्थित गर्दै **एक वडा एक खेलकुद कार्यक्रम** संचालन गरिने छ, साथै खेलकुदमा दिर्घकालीन विकासको लागि**खेलकुद एकाडेमी संचालन** गर्न पहल गरिने छ। महुन्याल बहुमुखी क्याम्पसको खेलमैदानमा क्रिकेट मैदान निर्माण गरिने छ।

२१. सुरक्षित आप्रवासनलाईप्रभावकारी बनाउदै वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिको ज्ञान सीप, वैज्ञानिक आविष्कार, अनुसन्धान र प्राज्ञिक कार्यमा संलग्न युवा वैज्ञानिकहरू र अनुसन्धानकर्ताहरूको रचनात्मक कार्यहरूमा आवश्यक सहयोग पुऱ्याइनेछ ।

२२. आर्थिक, सामाजिक, हिसावले बिपन्न, वेरोजगारी युवावर्गहरुका लागि सरकारी सेवामा उनीहरुको सहभागिता अभिवृद्धिका गर्न लोकसेवा परीक्षा तयारी कक्षा एवं मागमा आधारित सीपमुलक तालिम संचालन गरिनेछ । साथै पत्रकारिता, रेडियो पत्रकारिता, उद्घोषण जस्ता तालिम कार्यक्रम संचालन गरि युवा क्षमता अभिवृद्धि गरिनेछ ।

२३. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा लागु गर्न पुर्वाधार योजनासँग जोडदै वेरोजगार युवालाई प्रोत्साहन दिने खालका कार्यक्रम निर्माणमा विशेष जोड दिइने छ । युवाहरुको क्षमता अभिवद्धी गरिरोजगार सृजना मार्फत आयआर्जन बढाई अर्थतन्त्रलाई गतिशील र चलायमान गराउने दिशातर्फ बजेट तथा कार्यक्रमहरु केन्द्रित हुनेछन ।

२४.युवा जनशक्तिलाई व्यवसायिक कृषि तथा पशुपक्षी विकास कार्यक्रममा सहभागी गराउदै खाद्यान्न तथा पशु जन्य पदार्थको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने नीति लिईने छ ।

२५.**कृषि उत्पादन बढाऔं खाद्यान्नमा आत्मनिर्भर बनौं** भन्ने नाराका साथ यस न.पा.का कृषकहरुलाई आधुनिक कृषि व्यवसायतर्फ उन्मुख वनाइने नीति लिईने छ । बीउँ प्रशोधन तथा उत्पादन, पशु बीमा कार्यक्रमका लागि कृषिसहकारी संस्थाहरु, कृषक समुह/समितिसँगको सहकार्यमा विशेष कार्यक्रम सञ्चालन गरिनेछ । साथै मौसमी तथा बेमौसमी तरकारी, फलफुल, आलु, बदाम, चैते धानको खेतीलाई थप प्रोत्साहन गरिनेछ । जैविक (Organic) खेति प्रणालीलाई प्रोत्साहन गर्दै कृषिमा विविधीकरण गर्ने नीतिलाई निरन्तरता दिईने छ ।

२६.**"मेयर नमुना गाउँ कृषि कार्यक्रम"**लाई निरन्तरता दिदै एकिकृत उत्पादन तथा व्यवसायिक कृषि प्रणालीलाई जोड दिईनेछ ।

२७. किसानहरुलाई व्यवसायिक कृषि प्रणाली तर्फ उन्मुख गराउदै खाद्य तथा नगदे वालीको उत्पादन र उत्पादकत्व अभिवृद्धिगर्न तथा कृषि यन्त्रीकरण प्रबर्द्धन गर्न **कृषि पकेट, ब्लकतथा जोन** कार्यक्रमलाई निरन्तरता दिईने छ ।

२८. पशुपंक्षी फर्म, कृषि फर्म, व्यवसायिक कृषकहरुको तथ्याङ्क संकलन गरि व्यवसायिक कृषक परिचयपत्र जारी गरिने र सक्षमताको लागि व्यावसायिक तालिम प्रदान गरिने छ ।

२९.प्राकृतिक ताल तथा कृत्रिम पोखरीहरुलाई व्यवस्थापन तथा विस्तार गर्दै माछापालन व्यवसाय प्रबर्द्धन गर्न यस नगरपालिकालाई **माछा जोन**को रुपमा विकास गरिने तथापर्यटकीय गन्तव्यको रुपमा बिस्तार गरिने नीति लिईने छ ।

३०.नगर क्षेत्रमा रहेकासामुदायिक पशुको रेखदेख तथा व्यवस्थापनको लागि तथ्याङ्क अध्यावधिक गरि पशु स्वास्थ्य, नश्ल सुधार, आहारा व्यवस्थापन तथा पशु बीमा सम्बन्धी कार्यक्रम संचालन गरिने छ ।

३१. कृषियोग्य जमिनको पुर्ण उपयोग तथा बाझो रहन नदिन नगरपालिकामा **भुमि बैङ्क**को स्थापनाका लागि पहल गरिने छ ।

३२. सुकम्बासी, मुक्तकमैया, भुमिहिन, अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्न तथा नगर क्षेत्रमा रहेको नक्साङ्कन सम्बन्धी समस्यालाई समाधान गर्न सर्भेनापी कार्य गर्दै यसै आ.व. भित्र लालपुर्जा वितरणको कार्य सम्पन्न गर्नको लागि आवश्यक पहल गरिनेछ । साथै कित्तानापी, विभिन्न प्रकारका नापी तथा नक्साङ्कनका लागि नगर क्षेत्रभित्र **DGNSSप्रविधि**प्रयोग गरि **नियन्त्रण विन्दुहरु** (**Precise Control Points**) स्थापना गरिने छ ।

३३. यस भजनी नगरपालिकाभित्र रहेका सबै सार्वजनिक, नीजि तथा सामुदायिक जग्गाको संरक्षण, व्यवस्थापन र उपयोगको लागि**भु-उपयोग नीति** अवलम्बनको गरिदै लगिने छ । साथै नगरको **भौगोलिक सुचना प्रणाली( जि.आई.एस.)** नक्सा तयार गरिने छ ।

३४. सार्वजनिक बाटोघाटो, चौर, नहर, कुलो, झरनहरु मिचिएको वा हराएको भए कानून अनुसार उक्त ठाउँहरु छुट्याईने छन त्यस्तासार्वजनिक जग्गामा निर्माण भएका संरचनाहरु तत्काल हटाईने छन ।

३५. भवन निर्माण मापदण्डलाई पुर्ण कार्यान्वयन गरी पुराना भवनहरुको अभिलेखिकरण गर्दैलगिने छ ।

३६. तुलनात्मक लाभको क्षेत्र, नागरिकको आवश्यकता तथा जनताको लागत सहभागिता जुट्ने योजनाहरुलाई विशेष प्राथमिकता दिईनेछ । साथै बजेट विनियोजन तथा योजना छनौट प्रक्रियालाई वैज्ञानिक बनाई **जनसंख्या र भुगोल**को आधारमा विनियोजन प्रक्रियालाई निरन्तरता दिदै **योजना बैंक** स्थापना र **मध्यकालिन खर्च संरचना**लाई लागु गर्दै लगिने छ ।

३७.**स्वच्छ खानेपानी, स्वस्थ जीवन**लाई सार्थकता प्रदान गर्न संघीय सरकार र प्रदेश सरकारसँग आवश्यक समन्वय गरी नगरका सम्पुर्ण वडामा स्वच्छ खानेपानीको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

३८.नगरका रणनीतिक तथा प्राथमिकतायुक्त सडकहरुको पहिचान गरि **एक वडा एक पक्कि सडक**निमाणको नीतिलाई निरन्तरता दिदै नगरको केन्द्र र वडा केन्द्र जोड्न पक्कि सडकहरु निमार्ण गर्दै लगिने छ साथै कृषि सडकहरुको स्तरोन्नती गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

३९.**नगर चक्रपथ**निर्माणको कार्यलाईसंघीयसरकार र प्रदेश सरकारसँग समन्वय गरि निर्माण कार्यलाई तिव्रता दिईने छ । साथै यातायात सेवालाई व्यवस्थित गर्दै बसपार्क निर्माणका लागि स्थानको पहिचान गरिनिर्माण कार्यलाई अगाडी बढाईने छ ।

४०. सबै प्रकारका हिंसामा परेका महिलाहरु, विपन्न, असहाय, एकल महिलाको उपचार, पुनर्स्थापना र  विपदमा परेका महिला, विपन्न महिलाहरुको सुरक्षा लागि स्थापित **“उपमेयर महिला सुरक्षा कोष”** र **“लैङ्गिक हिंसा निवारण कोष”** को परिचालनमा प्रभावकारिताल्याई महिला सुरक्षा तथा उत्थान कार्यलाई निरन्तरता दिइनेछ ।

४१.आर्थिक समृद्धि र दिगो विकासका लागि समान अग्रसरता र नेतृत्वदायी भुमिका स्थापित गर्दै स्रोत, साधन, अवसर र लाभमा महिलाको समान पहुँच स्थापित गर्न हरेक क्षेत्रमा **न्युनत्तम ५० प्रतिसत महिलाको सहभागिता** सुनिश्चित गर्दै लगिने छ साथै सहिद परिवार, द्धन्द पिडित, बेपत्ता पारिएका परिवार, आर्थिक रुपले अति विपन्न, दलित र अपाङ्गता भएका महिलाहरुका लागि जिविकोपार्जनका कार्यक्रमहरु संचालन गरिनेछन ।

४२. **लैगिङ्ग समानता तथा सामाजिक समावेशीकरणनीति** अवलम्बन गर्दै लैगिङ्ग उतरदायी बजेट विनियोजन पद्धतिलाई संस्थागत गर्दै लगिनेछ ।

४३. परम्परागत हानिकारक अभ्यासहरुले हुने लैगिक हिंसा नियन्त्रण, मानव बेचविखन र लागु औषध दुर्व्यसनीको अन्त्य गर्नको लागि सचेतनात्मक, उपचारात्मक कार्यक्रमहरु संचालनलाई निरन्तरता दिईने छ ।

४४. हिंसा पिडित, विपद पिडीत महिलाको सुरक्षार्थ**सेफ हाउस**को व्यवस्थापन सहित संचालन गरिने छ महिलाको आर्थिक, सामाजिक सशक्तिकरण गर्दै न्यायमा सहज पहुँच अभिवृद्धि गरिने छ ।

४५. भजनी नगरपालिकालाई **बालमैत्री नगर**को रुपमा घोषणा गर्न तथ्याङ्क संकलन गर्दै सचेतनात्मक, सशक्तिकरण एवं उपचारात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ । साथै अनाथ बालबालिकाहरुलाई अविभावकत्व ग्रहण गर्ने नीति लिईनेछ ।

४६. अपाङ्गता भएका व्यक्तिको आर्थिक तथा सामाजिक शसक्तिकरणका लागि अपाङ्गता लक्षित कार्यक्रमहरु तय गरि सबै प्रकारको अपाङ्गता भएका व्यक्तिको सहज जीवनयापन र व्यवसायिकताका लागि पुनर्स्थापना, स्वास्थ्यउपचार र सहायक सामाग्रीहरुको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

४७. नगर क्षेत्रभित्रका भौतिक संरचना, यातायात सेवा, साधन स्रोत, सुचना तथा संचार प्रविधिलाई अपाङ्गतामैत्री बनाउदै लगिनेछ । साथै अपाङ्गता भएका व्यक्तिहरुमा हुने सबै किसिमका हिंसा, दुर्व्यवहार जस्ता कार्यहरुको अन्त्य गर्ने नीति लिईनेछ ।

४८. ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुलाई **डिजिटल (स्मार्ट) कार्ड** वितरण गर्दै जेष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई कदर गर्दै नगर क्षेत्रमा जेष्ठ नागरिक मिलन केन्द्रको स्थापना गरिने छ ।

**आदरणीयनगरसभा सदस्यज्यूहरु,**

४९. नगर क्षेत्रलाई आर्थिक समृद्धि र अवसरका केन्द्रको रुपमा विकास गर्न वित्तीय,शैक्षिक, वाणिज्य, पर्यटकीय क्षेत्रको प्रवर्द्धनका लागि लगानी मैत्री बनाउदै लगिनेछ ।

५०. योजना निर्माण तथा कार्यान्वयनमा विकासको साझेदारका रुपमा रहेका नीजि, सहकारी, गैर सरकारी तथा सामाजिक संघ संस्था, सामुदायिक संस्था, लगायतका निकायहरुको सहभागिता, साझेदारी र सहकार्यको नीति लिई बहुलगानीको सम्भावना बढाउने कार्यहरुलाई प्राथमिकता दिइनेछ ।

५१. नगरपालिकाको आन्तरिक आयमा वृद्धि गर्न**प्रगतीशिल कर प्रणाली** लागु गरि करको दायरालाई फराकिलो बनाईने छ । सबैलाई करको दायरामा ल्याउन बैंक तथा वित्तीय संस्था र उद्योग वाणिज्य संघसँगको समन्वय र सहकार्यको नीति अवलम्बन गरिने छ ।

५२. भजनी नगरपालिकाको आर्थिक विकास, समुन्नत र समृद्धिका लागि भौतिक पूर्वाधारको विकास गर्न संघीयसरकारको सहमती र सहकार्यमा विभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय सरकारी तथा निजी दातृ संस्था वा निकायबाट आवश्यक अनुदान र ऋृण लिने नीति लिईनेछ ।

५३. राजस्व क्षेत्रको सुधारका लागि नीति तथा संस्थागत सुदृढीकरण गर्दै उद्योगी, व्यवसायी लगायतका करदाताहरुको अभिलेखिकरण गरिनेछ साथै राजश्व सेवालाई थप प्रविधीमैत्री बनाउनका लागि नगरपालिकामा system server राखि प्रत्येक वडाहरुबाट online राजश्व संकलन गर्ने कार्यलाई थप व्यवस्थित गरिने छ ।

५४.छोटी भन्सार कार्यालय कुसुमघाट र लालबोझीको पुर्नस्थापना गर्न संघीयसरकारसंग पहल गरिनेछ ।

५५.स्थानीय स्तरमा साना, घरेलु तथा लघु उद्योगबाट उत्पादित बस्तुहरुलाई बजारीकरण गर्दै रोजगारी सिर्जना गरिने छ साथै यस नगर क्षेत्रमा **औद्योगीकग्राम** स्थापना गर्न संघीयसरकार तथा प्रदेश सरकारसँग आवश्यक समन्वय गरिने छ ।

५६.उद्योग तथा वाणिज्य क्षेत्रको विकास तथा प्रबर्द्धनको लागि सार्वजनिक, निजी साझेदारीको अवधारणा लागु गरि उद्योग,व्यवसायतथा बजारको अनुगमन कार्यलाई थप व्यवस्थितगर्दै अनुगमन,मुल्याङ्कनलाई तिव्रता दिईनेछ ।

५७. सहकारी संस्थाहरूलाई नियमन र व्यवस्थापन गर्दै दैनिक उपभोग्य वस्तु, मल, बिउबिजन, कृषि, वन, मत्स्य तथा पशुजन्य पदार्थ उत्पादन, वितरण र विक्री गर्ने सहकारीलाई विशेष छुट तथा अनुदानको व्यवस्था गरिने छ ।

५८. नागरिकहरूलाई उत्पादन कार्य र आय आर्जनमा सहभागी बनाउन स्थानीय कुटिर उद्योग, लघु उद्यम, साना सेवा वा व्यवसाय सञ्चालन गर्न वित्तीय संस्थालाई प्रोत्साहन गरिनेछ।

५९. नगर क्षेत्रभित्रका ऐतिहासिक सम्पदा, मठ मन्दिर, पर्यटकीय स्थलको रुपमा रहेका धार्मिक स्थल, चौतारी, बरपीपल, खेल मैदान, डल्फिन क्षेत्र, ताल तलैया आदिको संरक्षण, सम्वर्धन र समुचित उपभोग गर्दै यस्ता ऐतिहासिक सांस्कृतिक महत्वका स्थानहरुलाई नगर सम्पदाको रुपमा विकास गरी आन्तरिक एवम् वाह्य पर्यटक भित्राउन आवश्यक पहल गरिनेछ।

६०. नगर क्षेत्रमा आन्तरिक श्रोत तथा प्रर्यटकीय क्षेत्रको रुपमा रहेका ताल तलैयाहरुको संरक्षण सम्बर्द्धन तथा समुचित उपभोग गर्नको लागि आवश्यक नीति तथा कानुन निर्माण गरि कार्यान्वयन गरिने छ।

६१.यस नगरपालिकामा ठुलो बस्तिको रुपमा रहेको लोपोन्नमुख जाती राजी तथा कुमाल समुदायको कला, संस्कृति, भाषाको प्रर्बद्धन र संरक्षणका हेतु**संग्राहालयको स्थापना**का साथै यस क्षेत्रमा सबैभन्दा बढी बहुल्यता रहेको थारु जातीको पहिचान, कला, संस्कृतीको संरक्षण गर्न**थारु संग्राहालय**, **होमस्टे तथा नमुना बस्ती** स्थापनाको लागि आवश्यक पहल गरिनेछ।

६२. प्राकृतिक स्रोत र सम्पदाको रुपमा रहेको सामुदायिक वनको संरक्षण र समुचित सदुपयोग गर्दै वन क्षेत्रको दिगो वन व्यवस्थापन, बसन्ता जैविक मार्गको संरक्षण, पारिवारिक निजी वन निर्माण, सामुदायिक गोबर ग्यास तथा सौर्य उर्जा जस्ता बैकल्पिक उर्जा कार्यक्रमलाई प्रोत्साहन दिदै स्वच्छ वातावरण निर्माण अभियानमा जोड दिइनेछ।

६३.नगर क्षेत्र भित्र रहेका विपद जोखिम तथा सुरक्षित ठांउँको पहिचान, अध्ययन तथा अनुसन्धान गरि दिगो व्यवस्थापन, सुरक्षित भवनलाई व्यवस्थितगर्दै प्राकृतिक जोखिममा परेका नागरिकलाई सुरक्षित स्थानको व्यवस्था गरिने छ। साथै नगर क्षेत्र भित्रका मुख्य नदीहरुमा जैविक तथा आवश्यकता अनुसार तटबन्धन, बृक्षारोपण मार्फत नदी नियन्त्रण कार्यलाई निरन्तरता दिईनेछ। साथै यस नगरपालिकामा वर्षेनी प्रमुख समस्याको रुपमा रहदै आएको बाढी प्रभावित क्षेत्रका जनताहरुको लागि सुरक्षित बसोबास तथा दिगो व्यवस्थापनको लागि संघिय सरकार तथा प्रदेश सरकारसँग आवश्यक समन्वय र सहकार्य गरिने छ।

६४. फोहोरमैला व्यवस्थापनका लागि**ल्याण्डफिल्ड साइट** तोकी फोहोर व्यवस्थापनगरिनेछ।

६५. नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय परिचयपत्र तथा पंजिकरण विभागको सहयोगमा संचालित सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना अर्न्तगत संचालन हुने कार्यक्रमहरुलाई थप प्रभावकारी बनाईने छ।

६६. नेपाल सरकारको नीति अनुरुप सामाजिक सुरक्षा भत्तालाई वैंकिङ प्रणालीबाट प्रदान गरिदै आएकोमा यसलाई थप व्यवस्थित गरिने छ।

६७. सूचना प्रविधि मैत्री सरकारको अवधारणा अनुरुप नगरपालिकालाई डिजिटल प्रविधिले सु-सज्जित वनाइनेछ। डिजिटल नोटीस बोर्ड, डिजिटल बडापत्र, मोबाईल एप्लीकेसनको व्यवस्था कार्यलाई निरन्तरता दिईने छ।

६८.भजनी नगरपालिकालाई भ्रष्टाचार शुन्य सहनशिलताको संस्कृति भएको क्षेत्रका रुपमा विकास गर्नका लागि **हरेक क्षेत्रमासुशासन सुदृढ प्रशासन** भन्ने नीतिलाई कडाइका साथ लागु गरिने छ।

६९. स्थानीय तहको अदालतलाई मेलमिलाप अदालतका रुपमा विकास गरी स्थानीय मुद्दाहरुलाई वार्ता, मध्यस्थता, छलफल, क्षमादान, आपसी समझदारी, सहिष्णुता र सुझवुझपूर्ण तवरले मेलमिलापको बिधिबाट समस्या समाधान गरि झन्झटिलो र खर्चिलो न्याय प्रणालीमा सुधार गरिनेछ।साथै न्यायिक प्रक्रिया सम्बन्धि तालिम, गोष्ठी र भ्रमणको आयोजना गरिने छ।

७०. सुशासन, न्यायमा सहज पहुंच अभिवृद्धिको लागि **हेल्प डेक्स** र **हेल्प लाईन**को व्यवस्था गरिने छ साथै हाम्रो समाजमा रहेको भल्मन्सा प्रथा लगायत अन्य क्षेत्रमा समेत कानुनी सचेतना अभिवृद्धिर संविधान प्रद्दत मौलिक हक सम्बन्धी विषेश कार्यक्रमहरु संचालन गरिने छन ।

७१.विधिको शासन स्थापित गर्दै जनताको सेवामा पारदर्शिता, जवाफदेहिता, इमान्दारिता, सुशासन सामाजिक न्याय तथा मानव अधिकार प्रबद्धनको सिद्धान्तलाई अंगिकार गरिनेछ साथै यसको लागि आवश्यक ऐन, कानुन, कार्यविधि आदि निर्माण गरि प्रभावकारी रुपमा कार्यान्वयन गरिदै लगिनेछ ।

७२. सिमा सुरक्षालाई थप मजबुद बनाई सामाजिक शान्ति सुरक्षाकायम गर्न प्रहरी प्रशासनसँग समन्वय रसहकार्य गरीशान्ति सुरक्षालाई प्रभावकारी बनाईदै लगिनेछ।

७३. नागरिकहरुका गुनासो सुनाई तथा गुनासो व्यवस्थापनलाई थप प्रभावकारी बनाउदै सुशासन कायम गर्न **जनतासँग मेयर** कार्यक्रमलाई निरन्तरता दिदै **महिलासँग उपमेयर** कार्यक्रम संचालन गरिने छ ।

७४. नगरपालिकाका जनप्रतिनिधी, तथा कर्मचारीहरुको क्षमता र वृति विकास गरि प्रभावकारी रुपमा सेवा प्रवाह गर्न पदाधिकारी तथा कर्मचारीहरुलाई आवश्यक तालिम तथा अभिमुखीकरण,गोष्ठी, भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ ।

७५.कर्मचारीहरुले प्राप्त गर्ने सेवा, सुविधामा एकरुपता कायम गर्दै योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा आवद्ध गरिनेछ । कर्मचारीहरुलाई पेशाप्रति उत्प्रेरित, कर्तव्यनिष्ठ बनाई कार्यप्रभावकारिता ल्याउदै कर्मचारीको मनोबल उच्च राख्न प्रोत्साहन भत्ता दिने र कार्यसम्पादन, मुल्याङ्कनका आधारमा उत्कृष्ट कर्मचारीलाई पुरष्कृत गरिनेछ ।

**सभाअध्यक्षज्यू एवम् सम्पूर्ण सदस्यज्यूहरु** ,

यस नगरको उल्लेखित नीति तथा कार्यक्रमको परिधिभित्र रही आर्थिक वर्ष २०७८/७९ मा सीमित श्रोत र साधनका बाबजुद पनि अधिकतम प्रतिफल हासिल हुने गरी बजेट तथा कार्यक्रम तर्जुमा गर्ने व्यहोरा यस गरिमामय सभामा जानकारी गराउदछु ।

यसै बीच कोभिड-१९ महामारीलाई न्यूनीकरण गर्न र यसले पारेको प्रभावलाई सम्बोधन गर्ने चुनौतीका माझमा यो नीति र कार्यक्रम कार्यन्वयन गर्नुपर्ने अवस्थामा सबै पक्षको सहकार्य र समन्वय आवश्यक छ, यस महामारीको संकटबाट प्रभावित सामाजिक तथा आर्थिक क्षेत्रहरुलाई पुनर्जीवन दिने कार्यमा हामी आवश्यक सबै प्रकारको पहलकदमी लिनेछौं, साथै संघीय सरकार र प्रदेश सरकारले अघि सारेका नीति र कार्यक्रम सन्चालन गर्ने हरेक कृयाकलापमा स्थानीय सरकार आवश्यक समन्वय गरि अघि बढ्नेछ ।

अन्त्यमा, प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्ने प्रकृयामा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा समन्वय, सहयोग पुऱ्याउनु हुने सम्पुर्ण जननिर्वाचित पदाधिकारी, राजनीतिक दल, विज्ञ,राष्ट्रसेवक कर्मचारीहरु, संचार जगत, नागरिक समाज, निजि क्षेत्र, गैरसरकारी संघसस्था र नगरपालिका नागरिक प्रति हार्दिक आभार प्रकट गर्दछु साथै यो नीति तथा कार्यक्रम कार्यान्वयनको चरणमा सम्बद्ध सबै पक्षबाट सकारात्मक सहयोगको अपेक्षा राख्दछु ।

छाया देवकोटा
नगर उपप्रमुख
दिनाङ्क २०७८ साल आषाढ ९ गते